केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/०२/०७०/७१ मिति: २०७०/०५/३१

"घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु,

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाको लागि जारी निर्देशन, २०७० को बुँदा नं. १४.१ (शाखा/कार्यालय खोल्ने सम्बन्धी व्यवस्था) को खण्ड (क) र (ङ) मा भएको व्यवस्थालाई देहाय बमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

*(क) लघुवित्त वित्तीय संस्थाले शाखा कार्यालय खोल्न यस बैंकको पूर्व स्वीकृति लिनु पर्ने छ।*
*तर खण्ड (ङ) मा उल्लिखित लघुवित्त सेवाको पहुँच कम भएका जिल्लाहरुमा भने शाखा कार्यालय खोली यस बैंकलाई जानकारी गराए मात्र हुनेछ।*

*(ङ) लघुवित्त सेवाको पहुँच कम भएका मनाङ्ग, हुम्ला, डोल्पा, कालिकोट, मुगु, जाजरकोट, बझाङ्ग, बाजुरा, दार्चुला, ओखलढुंगा, जुम्ला, अछाम, बैतडी, रुकुम, सल्यान, भोजपुर, मुस्ताङ्ग, रोल्पा, ताप्लेजुङ्ग, खोटाङ्ग, रसुवा र सोलुखुम्बु गरी २२ जिल्लामा लघुवित्त वित्तीय संस्थाले शाखा खोली वित्तीय कारोवार संचालन गरेमा प्रति शाखा रु. २० लाख शुन्य व्याजदरमा कर्जा सुविधा उपलब्ध गराइनेछ। यस्तो कर्जा सुविधा "शुन्य ब्याजदरमा कर्जा प्रवाह सम्बन्धी प्रकृयागत व्यवस्था, २०६७" मा उल्लिखित प्रक्रिया बमोजिम प्रदान गरिने छ (अनुसूची १४.२ र १४.३)।*

*साथै, अनुसूची १४.२ र १४.३ मा भएको "९ जिल्ला" र "रु.१५ लाख" भन्ने शब्दहरुको सट्टा क्रमशः "२२ जिल्ला" र "रु.२० लाख" कायम गरिएको छ।*

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

बोधार्थ :
१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं।
४. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
७. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं।